## कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालक समितिको मिति २०७७।१०।१४ मा बसेको बैठकका निर्णयहरु

प्रचलित कानुन एवम् स्वीकृत मापदण्डबमोजिम भुक्तानी गर्ने, लेखा राख्ने, लेखापरीक्षण गराउने र सोको प्रतिवेदन समेत गर्ने गरी देहायका निकायहरूलाई निम्नानुसारको रकम निकासा दिने निर्णय गरियो :

१. कोभिड -१९ को प्रकोपबाट मृत्यु भएका विरामीहरूको शव व्यवस्थापनका लागि उपयुक्त Freezer सहितको पूर्वाधार विकासको व्यवस्थापन गर्ने प्रयोजनका लागि देहायका अस्पतालहरूलाई ३ करोड ६० लाख रकम निकासा दिने :

| सङ्घीय अस्पतालहरू | |
|---|---|
| क़ोशी अस्पताल, विराटनगर | २०,००,०००।- |
| बि. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान | २०,००,०००।- |
| गजेन्द्रनारायण अस्पताल, ससरी | २०,००,०००।- |
| शुक्रराज ट्रोपिकल अस्पताल, टेकु | २०,००,०००।- |
| नेपाल प्रहरी अस्पताल, महाराजगञ्ज | २०,००,०००।- |
| नेपाली सेना अस्पताल, छाउनी | २०,००,०००।- |
| नेपाल ए.पि. एफ. अस्पताल, बलम्बु | २०,००,०००।- |
| त्रि.वि. शिक्षण अस्पताल, महाराजगञ्ज | २०,००,०००।- |
| पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर | २०,००,०००।- |
| भरतपुर अस्पताल, चितवन | २०,००,०००।- |
| वीर अस्पताल, काठमाडौं | २०,००,०००।- |
| नारायणी अस्पताल, वीरगञ्ज | २०,००,०००।- |
| पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा | २०,००,०००।- |
| भेरी अस्पताल, नेपालगञ्ज | २०,००,०००।- |
| डडेल्धुरा अस्पताल, डडेल्धुरा | २०,००,०००।- |
| **जम्मा** | ३,००,००,०००।- |
| **प्रदेश तर्फका अस्पतालहरू** | |
| लुम्बिनी अस्पताल, बुटवल | २०,००,०००।- |
| सुर्खेत अस्पताल, बीरेन्द्रनगर | २०,००,०००।- |
| सेती अस्पताल, धनगढी | २०,००,०००।- |
| | ६०,००,०००।- |

१. राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङलाई अक्सिजन प्लान्ट निर्माण तथा जडानका लागि रु २ करोड ५० लाख उपलव्ध गराउने ।

२. निजामती अस्पतालमा Server Case Management को लागि आवश्यक पर्ने ६ वेडको भेन्टिलेटर सहितको ICU स्थापना गर्नका लागि रू २ करोड २० लाख माग गरेकामा अस्पतालले सो

प्रा.डा. पुष्पराज कँडेल

कार्यका लागि बोलपत्र आह्वान गरी प्राप्त हुन आएका प्रस्ताव मूल्याङ्कनबाट रू २ करोड १५ लाख ९४ हजार ३ सय स्वीकृत भएकोले तदनुरुपको स्वीकृत रकम उक्त अस्पताललाइ उपलव्ध गराउने ।

३. नेपाल एपिएफ अस्पताललाई सो अस्पतालमा रहेको मोलेकुलर ल्यावमा पि. सि. आर. स्वाब सुरक्षित राख्ने प्रयोजनका लागि ७०-८० डिग्री तापक्रम क्षमताको Air Cooled/Freezer जडान गर्नको रु २४ लाख ८६ हजार उपलव्ध गराउने।

४. सामाजिक विकास मन्त्रालय, सुदुरपश्चिम प्रदेशले Oxygen plant supply, Delivery Installation of oxygen plant with filling को लागि माग गरेको रू ८५ लाख रकम कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालक समितिको मिति २०७७।०३।०९ को निर्णयानुसार सुदूरपश्चिम प्रदेशलाई आइसोलेसन सेन्टर (वार्ड तथा बेडहरू) को स्थापना/निर्माण गर्न, मर्मत तथा सुधार गरी सञ्चालन र व्यवस्थापन गर्न प्रदान गरिएको रू ६ करोडबाट खर्च गर्ने गरी सहमति दिने ।

५. कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालक समितिको मिति २०७७।०५।०२ को निर्णयानुसार लमजुङ अस्पताललाई १० बेडको ४ भेन्टिलेटर सहित आई. सि. यु थप गरी सञ्चालन गर्न रु २ करोड उपलव्ध गराइएकोमा सो अस्पताल गैह्र सरकारी संस्थामार्फत् सञ्चालित सामुदायिक अस्पताल भएको हुदाँ कोषवाट प्रदान गरिएको रकम निकासा रोक्का राखिएकोमा गण्डकी प्रदेश (मन्त्रिपरिषद्) को मिति २०७७।०७।२७ को निर्णयबाट उक्त अस्पताल प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गत रहेकोले समितिको सोही मितिको निर्णयवाट प्रदान गरिएको रकम स्वास्थ्य कार्यालय, लमजुङमार्फत सोही प्रयोजनमा खर्च गर्न स्वीकृति दिने ।

सचिव

प्रा.डा. पुष्पराज कँडेल
उपाध्यक्ष
राष्ट्रिय योजना आयोग

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं